**आयोगको बैठकको निर्णय**

**विषयः** वित्तीय समानीकरण अनुदानको तेस्रो किस्ता हस्तान्तरण सम्बन्धमा।

**बैठक संख्या:** १०७/०८२/८३

**मिति:** २०८२/११/११

**निर्णय नं.** १२८

**निर्णय**

माथि उल्लिखित विषयका सम्बन्धमा आज मिति २०८२ साल फागुन ११ गते सोमवारका दिन आयोगका माननीय कार्यवाहक अध्यक्ष श्री जुद्ध बहादुर गुरूङ्गज्यूको अध्यक्षतामा बसेको बैठकबाट देहाय बमोजिमको निर्णय गरियो।

१. अर्थ मन्त्रालय, वित्तीय संघीयता समन्वय महाशाखाको प.सं. २०८२/८३ च.नं. ३४१४ मिति २०८२/१०/२६ को पत्रबाट आर्थिक वर्ष २०८२/८३ को पौष मसान्तसम्म वार्षिक लक्ष्यको तुलनामा ८१.७५% मात्र राजस्व संकलन भएको र सोही अनुपातमा प्रदेश तथा स्थानीय तहलाई वित्तीय समानीकरण अनुदान हस्तान्तरण गर्न महालेखा नियन्त्रक कार्यालयलाई पत्राचार भएको देखिन्छ। महालेखा नियन्त्रक कार्यालयको मिति २०८२/१०/२७ को निर्णयानुसार तेस्रो त्रैमासिक किस्ता वापत हुने २५% मध्ये २०.४३% (अर्थात कुल स्वीकृत वार्षिक बजेट मध्ये तेस्रो किस्तासम्मको ७०.४३% नबढ्ने गरी) प्रदेश र स्थानीय तहमा वित्तीय समानीकरण अनुदान हस्तान्तरण गर्नु गराउनु भनी उक्त कार्यालयको प.सं. २०८२/८३ (बजेट तथा शोभ) च.नं. ३१ मिति २०८२/१०/२७ को पत्रबाट सबै कोष तथा लेखा नियन्त्रक कार्यालयहरूलाई पत्राचार गरिएको सन्दर्भमा यस आयोगको गम्भीर ध्यानाकर्षण भएको छ।

नेपालको संविधानको धारा ६० को उपधारा (३) बमोजिम प्रदेश र स्थानीय तहले प्राप्त गर्ने वित्तीय हस्तान्तरणको परिमाण सिफारिस गर्ने व्यवस्था राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगमा निहीत रहेको छ। साथै धारा २५१ को उपधारा (१) को खण्ड (ख) मा सङ्घीय सञ्चितकोषबाट प्रदेश र स्थानीय सरकारलाई प्रदान गरिने वित्तीय समानीकरण अनुदान सिफारिस गर्ने अधिकार समेत यस आयोगमा रहेको छ। उक्त संवैधानिक व्यवस्थामा निहीत अधिकारमा रही आयोगले आर्थिक वर्ष २०८२/८३ का लागि सङ्घीय सञ्चितकोषबाट प्रदेश र स्थानीय सरकारलाई हस्तान्तरण गर्न वित्तीय समानीकरण अनुदानको

परिमाण निर्धारण गरी सिफारिस गरेको र उक्त संवैधानिक व्यवस्थाको अधिनमा रही आयोगले गरेको सिफारिस अनिवार्य रूपमा नेपाल सरकारले कार्यान्वयन गर्नुपर्ने भन्ने बुझाई नै आयोगको छ। तसर्थ आर्थिक वर्ष २०८२/८३ को लागि आयोगबाट भएको सिफारिस एवम् सङ्घीय संसद्बाट पारित बजेट बमोजिम रकम हस्तान्तरण गर्ने व्यवस्था गर्न अर्थ मन्त्रालयमार्फत नेपाल सरकार(मन्त्रिपरिषद्) लाई ध्यानाकर्षण गराउने।

| | |
|---|---|
| ........................... | ........................... |
| (विपिनराज निरौला) | (जुद्धबहादुर गुरुङ) |
| सदस्य | कार्यवाहक अध्यक्ष |